# प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## कोशी प्रदेश, विराटनगर

**खोजमूलक पत्रकारिताका लागि महिला पत्रकार तथा पत्रकारिता विषयमा स्नातक तहमा अध्ययन गरिरहेका छात्राहरूलाई लेखनवृत्ति प्रदान गर्नको लागि प्रस्ताव आह्वान गरिएको सूचना**

*प्रकाशित मितिः २०८०/०१/०३*

यस कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयका लागि चालु आ.व. २०७९/८० मा विनियोजित बजेट तथा कार्यक्रम अन्तर्गत कोशी प्रदेशमा पत्रकारिता गरिरहेका सञ्चारकर्मी महिलाहरू तथा स्नातक तहमा पत्रकारिता विषयमा अध्ययन गरिरहेका छात्राहरूको क्षमता र दक्षता अभिवृद्धि गर्दै खोजमूलक पत्रकारिताका लागि लेखनवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकाले कोशी प्रदेशमा पत्रकारिता गरिरहेका सञ्चारकर्मी महिलाहरू तथा स्नातक तहमा पत्रकारिता विषयमा अध्ययन गरिरहेका छात्राहरूबाट देहायको शर्तहरूमा आधारित भई खोज अनुसन्धानमूलक समाचार सामग्री (फिचर) तयार गर्नका लागि कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, विराटनगरसमक्ष १५ दिनभित्र प्रस्ताव पेश गर्नका लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

१. प्रस्तावदाताहरूले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र गैरसरकारी संघसंस्था गरी पाँचवटा विषयक्षेत्रसँग सम्बन्धित रही उक्त विषयक्षेत्रका सवालहरूका बारेमा खोज अनुसन्धानमूलक समाचार सामग्री (फिचर) तयार गर्न यस मन्त्रालयको वेबसाइट ***mosd.p1.gov.np*** मा राखिएको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

२. प्राप्त प्रस्तावका आधारमा मन्त्रालयबाट खोज अनुसन्धानमूलक समाचार सामग्रीको लागि सञ्चारकर्मी महिला तथा स्नातक तहमा पत्रकारिता विषयमा अध्ययन गरिरहेका छात्राहरू गरी कुल १२ जनाको छनोट गरिनेछ।

३. कार्यक्रमका लागि छनोट हुने सञ्चारकर्मी महिला तथा छात्रा सहभागीहरूले खोज अनुसन्धानमूलक समाचार सामग्री तयार गर्ने क्रममा निम्न कार्यहरू गर्नु पर्नेछः-

(क) प्रस्तावमा उल्लिखित विषय क्षेत्र अन्तर्गतको शीर्षकमै आधारित रही कम्तिमा २,५०० देखि बढिमा ५,००० शब्दसम्मको सामग्री तयार गर्नु पर्ने,

(ख) स्थलगत रूपमै खटिई सामग्रीसँग सम्बन्धित सूचना तथा जानकारी सङ्कलन गर्नु पर्ने,

(ग) सामग्री तयार गर्न कार्यादेश दिइएको मितिले ३० (तिस) दिन भित्रमा सामग्रीको प्रारम्भिक मस्यौदा मन्त्रालयसमक्ष पेश गर्ने,

... महिला विकास अधिकृत

(घ) मन्त्रालयबाट प्राप्त सुझाव तथा परामर्श बमोजिम सामग्रीको आवश्यकता अनुसार पुनर्लेखन वा परिमार्जन गरी थप १५ (पन्ध्र) दिनभित्र पुनः मन्त्रालयसमक्ष सामग्री पेश गर्ने।

४. छनोट भएका प्रत्येक सञ्चारकर्मी महिला तथा छात्राहरूलाई लेखनवृत्तिवापत प्रतिव्यक्ति रू. ३०,०००।- (तिस हजार रूपैयाँ) (नियमानुसार करकट्टा गरी) उपलब्ध गराइनेछ।

५. प्रस्तावसाथ संलग्न गर्नुपर्ने कागजातहरूः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) सञ्चारकर्मी महिलाको हकमा आफु कार्यरत सञ्चार प्रतिष्ठानको सिफारिस-पत्र,

(ग) पत्रकारिता विषयमा स्नातक तहमा अध्ययनरत छात्राको हकमा आफु अध्ययन गरिरहेको शिक्षण संस्थाको सिफारिस-पत्र।

६. यस सूचना बमोजिम सहभागी छनोट सम्बन्धी अन्तिम अधिकार मन्त्रालयमा निहित रहनेछ।

प्रमुख महिला विकास अधिकृत